# दक्षिणकाली नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

फर्पिङ, काठमाडौं, बागमती प्रदेश, नेपाल


मितिः २०७८।०१।३१

**दक्षिणकाली नगरपालिकामा"कोभिड १९ दोस्रो लहर" नियन्त्रण, उपचार र व्यवस्थापन कार्यमा गरिएका कार्यहरु यस प्रकार छन ।**

१) दक्षिणकाली नगरपालिकाभित्र कोभिड १९ संक्रमणको चेन ब्रेक गर्ने उद्देश्यले २०७८।०१।२० गते राति १२:०० वजे देखि लागुहुने गरि अत्यावस्यक सेवा वाहेकका सम्पुर्ण कार्यहरु २०७८।०१।३१ गते सम्म वन्द गर्ने निर्णय गरिएको छ ।

२) यस नगरपालिका नौ वटै वडाहरुमा कोभिड १९ व्यवस्थापन र सहजिकरण गर्ने कार्यका लागि वडा वडा अध्यक्षको अध्यक्षतामा सम्वन्धीत स्वास्थ्य संस्थाका प्रमुख सदस्य सचिव रहने गरि वडा स्तरीय कोभिड व्यवस्थापन सहजिकरण समिति निर्माण गरिएको छ ।

३) दक्षिणकाली नगरपालिका वडा नं. १ मा रहेको प्राथमिक स्वास्थ्य केन्द्र चाल्लाखेलमा १५ शैया क्षमताको अक्सिजन सेवा सहितको आईशोलेसन सेन्टर संचालन गरिएको र १५ शैया थप गर्ने गरि तयारी थालिएको ।

४) कोभिड-१९ का लागि केश अनुसन्धान तथा कन्टाचाक्ट खोज पड्ताल टीम(CICT) गठन गरि संक्रमितहरुको नियमित रुपमा केश अनुसन्धान, कन्टाचाक्टमा आएका व्यक्तिहरुको पहिचान, परामर्श, फ्लोअप तथा रेफर र नमुना संकलन वा द्रुत परिक्षण कार्य गरिरहेको ।

५) संक्रमितहरुलाई अस्पताल सम्म पुऱ्याउनुपर्ने अवस्थामा अस्पतालको व्यवस्थापन र दुई(२) वटा एम्वुलेन्स लाई २४सै घण्टा सेवा दिनेगरि व्यवस्थापन गरिएको ।

६) होम आईशोलेसनमा भएका बिरामीहरुलाई माक्स, सेनिटाईजर, सावुन लगाएत दैनिक उपभोग्य सामाग्री र केहि आवस्यक औषधी सहितको होम आईशोलेसन किट निर्माण गरि सबै संक्रमितलाई उपलब्ध गराईएको ।

७) संक्रमितहरुलाई होम आईशोलेसनमा बस्दा केहि स्वास्थ्य समस्या भएमा जुनसुकै समयमा स्वास्थ्य परामर्श लिन सजिलो होस् भन्ने उद्देश्यले चिकित्सक र स्वास्थ्यकर्मीहरुको मोवाईल नं.नगरपालिकाको वेवसाईटमा राखिएको र संक्रमितहरुलाई आवस्यकता अनुसार स्वास्थ्य परामर्श दिने कार्य भईरहेको छ ।

८) दक्षिणकाली नगरपालिका वडा नं.१ मा रहेको अक्सिजन उत्पादन उद्योग(सिताप्रोडक्सन प्रा.ली.)सँग समन्वय गरि यस नगरपालिकाको आईशोलेसन सेन्टरलाई आवस्यक पर्ने अक्सिजन आवस्यकता अनुसार उपलब्ध हुने सुनिस्चितता गरिएको ।


फर्पिङ, काठमाडौं, नेपाल, फोन नं.: +९७७ ०१ ४७१००२८
Email: info@dakshinkalimun.gov.np, Website: www.dakshinkalimun.gov.np

दक्षिणकाली नगरपालिका नगर कार्यपालिकाको कार्यालय फर्पिङ, काठमाडौं बागमती प्रदेश, नेपाल २०७३

९) यस नगरपालिका भित्र भएका संक्रमितहरुको विवरण सरोकारवालाहरु लाई जानकारी गराउने उद्देश्यले हरेक दिन ४ वजे नगरपालिकाको वेवसाईट मार्फत सार्वजनिक गर्ने गरिएको ।

१०) यस नगरपालिका भित्रका धेरै संक्रमितहरु भएको क्षेत्र पहिचान ,गरि छैमले स्वास्थ्य चौकी, शेषनारायण स्वास्थ्य चौकी, सोखेल स्वास्थ्य चौकी र प्राथमिक स्वास्थ्य केन्द्र चाल्लाखेलमा ज्वरो क्लिनीक संचालन गरिएको ।

(अमृका बलामी)
प्रवक्ता